# दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सल्यान

कर्णाली प्रदेश नेपाल

Website:www.darmamun.gov.np

Email:ito.darmamun@gmail.com


पत्र सं :२०८२/८३

चलानी नं.:-

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०४/ १८ गते)

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराईरहेको छ। बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्धेश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तरगत दार्मा गाउँपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्धामा सहयोग तथा सहजीकरण, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरणका कार्यक्रम सञ्चालन गर्न मनोसामाजिक परामर्श सेवा प्रवाहको लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेकाले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

१. विज्ञापन नम्बर. ०१/२०८२/०८३

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| ३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना (महिला) | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ /नर्सिङ /मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र सोही क्षेत्रमा कामगरेको अनुभवी।<br>▪ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन योग्य।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नसक्ने। |

# दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सल्यान

कर्णाली प्रदेश नेपाल

Website:www.darmamun.gov.np

Email:ito.darmamun@gmail.com


| | | |
|---|---|---|
| पत्र सं :२०८२/८३<br>चलानी नं.:- | | ▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।<br>▪ दार्मा गाउँपालिका भित्रको । |

**कार्य अवधिः** हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम** : लिखित, अन्तरर्वार्ता र प्रयोगात्मक

**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, अनुभवको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक र निवेदन सहित दार्मा गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तरर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । साथै अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति** : २०८२/०५ ।०१ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम मिति‌को दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

**पदपुर्ति समिति संयोजक**

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत